# जिल्ला प्रशासन कार्यालय, पाल्पा

## जग्गा प्राप्ति सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२।४।२४**

नेपाल खानेपानी संस्थानको बुटवल खानेपानी आयोजनाका लागि प्रशोधन केन्द्र निर्माण र पाइप लाईन विस्तार गर्ने लगायतका कार्य गर्न, आवश्यक संरचना निर्माण गर्नका लागि आवश्यक पर्ने पाल्पा जिल्ला साविक दोभान गा.वि.स. ५, हाल तिनाउ गाउँपालिका वडा नं ३ मा करिव ३० रोपनी निजी जग्गा प्राप्ति गर्न नेपाल सरकार (मन्त्रिपरिषंद) को मिति २०८१।१०।७ को निर्णय भए बमोजिम उक्त स्थानमा नेपाल खानेपानी संस्थानको प्रधान कार्यालय र संस्थानको बुटवल खानेपानी आयोजनाबाट स्थलगत अवलोकन गरी आयोजनालाई उपयुक्त हुने भनी पहिचान गरिएको तपसिल बमोजिमको व्यक्तिको हक भोगको निजी जग्गा नेपाल खानेपानी संस्थान प्रधान कार्यालय, संस्थानको बुटवल खानेपानी आयोजनाको सिफारिस, जग्गाको कारवाही चलाउने प्रारम्भिक अधिकृत आयोजना प्रमुख ई.श्री मन्दिप श्रेष्ठको प्रतिवेदन, मालपोत कार्यालयको मोठ भिडान गरी कायम गरिएको श्रेष्ता उतारको विवरण एवं नापी कार्यालयको ट्रेस नक्सा सहितको विवरण प्रतिवेदन तथा संस्थानको नाममा स्थायी रुपमा जग्गा अधिग्रहण गर्न श्रोत सुनिश्चितता भएको पत्र समेतको आधारमा जग्गा प्राप्ति ऐन; २०३४ तथा अन्य प्रचलित कानुनी व्यवस्था बमोजिम मुआब्जा दिई अधिग्रहण गर्न ऐ. ऐ. ऐनको दफा ९ र १० को प्रयोजनका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको व्यहोरा मुआब्जा निर्धारण समितिको मिति २०८२।४।२३ को बैठकको निर्णयानुसार अनुरोध छ ।जग्गा प्राप्ति ऐन, २०३४ र अन्य प्रचलित कानूनी व्यवस्था बमोजिम यो सूचना प्रकाशन गरिएको मितिले १५ दिन भित्र सरोकारवाला व्यक्तिले मुआब्जा दावी गर्न आ-आफ्नो हकदैया वा भोग चलन सम्बन्धी प्रमाण, निस्सा सहित रितपूर्वक निवेदन र जग्गाको स्वामित्वमा फरक पर्न गएको भएमा सो समेतको दावीका लागि जिल्ला प्रशासन कार्यालय, पाल्पा वा नेपाल खानेपानी संस्थानको बुटवल खानेपानी आयोजना कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ । तोकिएको समयावधि भित्र निवेदन नदिई म्याद गुजारिमा प्रचलित कानुन बमोजिम हुने व्यहोरा समेत सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशन भएको मितिदेखि नै अधिग्रहण गरिने जग्गाहरु रोक्का रहने हुँदा उक्त क्षेत्रमा कुनै पनि संरचना थप्ने कार्य नगर्न, नगराउनुहुन अनुरोध गरिएको छ ।

**तपसिल**

| क्र.सं | जग्गा धनिको नामथर | बाबुको नामथर | बाजेको नामथर | ठेगाना | कित्ता नं | जग्गाको क्षेत्रफल | संस्थानले प्राप्त गर्ने जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | भुपेन्द्र बहादुर क्षेत्री | पिताम्बर क्षेत्री | जित बहादुर क्षेत्री | साविक दोभान ५ हाल तिनाउ गा.पा.३ | ८८२ | १-१०-२-३ | १-१०-२-३ | पूरै कित्ता जग्गा |
| २ | हरि बहादुर रायमाझी | कुल बहादुर रायमाझी | पिताम्बर रायमाझी | साविक दोभान ५ हाल तिनाउ गा.पा.३ | ८७२<br>१३० | ०-०-१-१<br>०-१४-३-३ | ०-०-१-१<br>०-१४-३-३ | पूरै कित्ता जग्गा |
| ३ | खड्क बहादुर रायमाझी | कुल बहादुर रायमाझी | पिताम्बर रायमाझी | साविक दोभान ५ हाल तिनाउ गा.पा.३ | ८७७ | २-३-१-३ | २-३-१-३ | पूरै कित्ता जग्गा |
| ४ | युवराज रायमाझी | कुल बहादुर रायमाझी | पिताम्बर रायमाझी | साविक दोभान ५ हाल तिनाउ गा.पा.३ | ८७९ | १-५-१-१ | १-५-१-१ | पूरै कित्ता जग्गा |
| ५ | प्रेम बहादुर रायमाझी | भिम बहादुर रायमाझी | पिताम्बर रायमाझी | साविक दोभान ५ हाल तिनाउ गा.पा.३ | १२६<br>१२९<br>८७४ | ७-१२-१-०<br>१-६-०-३<br>०-११-२-३ | ७-१२-१-०<br>१-६-०-३<br>०-११-२-३ | पूरै कित्ता जग्गा |

मिति २०८२।४।२४ को गोरखापत्र दैनिकमा प्रकाशित